# अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाडौं

## प्रतिनिधि नियुक्त गर्ने फारम (प्रोक्सी)

श्री सञ्चालक समिति,
अपि पावर कम्पनी लिमिटेड
थापाथली, काठमाडौ ।

**विषय : प्रतिनिधि नियुक्त गरिएको बारे ।**

महाशय,

.............जिल्ला................ न.पा/गा.वि.स वडा नं. ......... बस्ने म/हामी.........................................ले त्यस संस्थाको शेयरधनीको हैसियतले मिति २०७४ साल पौष ३० गते आईतबारका दिन हुने चौधौं बार्षिक साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन ........... जिल्ला ..................... न.पा./गा.वि.स. बस्ने त्यस संस्थाका सेयरधनी श्री ................................ सेयर प्रमाण पत्र नं. ......... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरी पठाएको छु/छौं ।

| **प्रतिनिधि हुनेको** | | **प्रतिनिधि नियुक्त गर्नेको** | |
|---|---|---|---|
| नाम | : | नाम | : |
| दस्तखत | : | दस्तखत | : |
| प्रमाण पत्र नं. | : | प्रमाण पत्र नं. | : |
| सेयर संख्या | : | सेयर संख्या | : |
| मिति | : | मिति | : |

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।


# अपि पावर कम्पनी लिमिटेड

थापाथली, काठमाडौं


## प्रवेश-पत्र

सेयरधनीको नाम :

प्रमाण पत्र नं. :

कुल सेयर संख्या :

सेयरधनीको सही :

२०७४/०९/०७

सिर्जना दंगाल
**कम्पनी सचिव**

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

# अपि पावर कम्पनी लिमिटेडसँग सम्बन्धित आयोजनाहरू

**कम्पनीबाट प्रवर्द्धित आयोजनाहरू**

1. Naugarh Gad SHEP (8.5MW)
2. Upper Naugarh Gad SHEP (8MW)
3. Upper Chameliya HEP (40 MW)
4. Chanawta Solar Project (1.5MW)
5. Kawasoti 1 Solar Project (0.5MW)
6. Bardaghat Solar Project (1 MW)
7. Kawasoti 1 Solar Project (1 MW)
8. Parwanipur Solar Project (8 MW)
9. Simara Solar Project (1MW)
10. Chandranigahpur Solar Project (4 MW)
11. Dhalkebar Solar Project (1 MW)

**कम्पनीबाट लगानी भएका आयोजनाहरू**

12. Trishuli Galchi HEP (75MW)
13. Api Hydro Mechanical Ltd.
14. Kabeli B1 HEP (25MW)



# बिषय सूची

| | |
|---|---|
| कम्पनीको परिचय | ०१ |
| चौधौं वार्षिक साधारणसभा सम्बन्धी सूचना | ०२ |
| साधारणसभा सम्बन्धी जानकारीहरू | ०३ |
| अध्यक्षको मन्तब्य | ०४ |
| कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन | ०६ |
| Projected Indicators | ०८ |
| शेयरको बजार मूल्य | ०९ |
| कम्पनीको शेयरको बनोट | १० |
| कम्पनीको निर्माणाधीन परियोजना एवं भावी कार्यक्रम | ११ |
| Salient Features of Upper Naugarh Gad Hydroelectric Project (8MW) | १८ |
| Salient Features of Upper Chameliya Hydroelectric Project (40MW) | १९ |
| Salient Features of Solar Power Projects (18 MW) | २० |
| लेखा परीक्षकको प्रतिवेदन | २३ |
| वासलात | २४ |
| नाफा नोक्सान हिसाब | २५ |
| नगद प्रवाह विवरण | २६ |
| ईक्वीटीमा भएको परिवर्तन | २७ |
| अनुसूचीहरू | २८ |
| नोट | ३६ |

# निर्माणाधीन अपर नौगड गाढ (८ मे.वा.) जलविद्युत आयोजना



अपर नौगड गाढ जलविद्युत आयोजना ८ मे.वा. बाँधस्थल



अपर नौगड गाढ जलविद्युत आयोजना ८ मे.वा. एलायनमेन्ट



अपर नौगड गाढ जलविद्युत आयोजना ८ मे.वा. विद्युत गृह

# कम्पनीको परिचय

**अपि पावर कम्पनी लिमिटेड नेपालमा जलविद्युत उत्पादन तथा वितरण गर्ने उद्देश्यले वि.सं. २०६० साल असार ५ गते प्राइभेट लिमिटेड कम्पनीका रूपमा स्थापना भएको हो । वि.सं. २०७० साल साउन ४ मा यसलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको छ । नेपालमा प्रचुर सम्भावना रहेको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रूपमा आफूलाई स्थापित गर्न यस कम्पनीले नयाँ आयोजनाहरूको पहिचान गरी निर्माण कार्य गरिरहेको छ ।**

नेपालमा जल उर्जा एवं अन्य वैकल्पिक उर्जा उत्पादनको प्रचुर संभावना रहेको छ । प्रकृति प्रदत्त स्रोतको सदुपयोग गरी देशमा औद्योगिक विकासका लागि पूर्वाधारको रुपमा चाहिने उर्जा उत्पादन, ट्रान्समिसन तथा वितरण गर्ने उद्देश्यले वि.स. २०६० सालमा यस अपि पावर कम्पनी लिमिटेडको स्थापना भएको हो । जलविद्युत आयोजनामा सर्वसाधारणको लगानीको व्यवस्था गर्न यस कम्पनीले सर्वसाधारणका लागि सेयर निष्काशन गरी उक्त सेयरहरू नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत गराएको छ । यस कम्पनीले पहिलो परियोजनाको रूपमा दार्चुला जिल्लामा ८.५ मे.वा. क्षमताको नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माण पूरा गरी सञ्चालन गरिरहेको छ । ८ मे.वा. क्षमताको अपर नौगड गाढ साना जलविद्युत आयोजना हाल निर्माणाधीन रहेको छ । ४० मे.वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन कार्य पूरा भई विस्तृत अध्ययन प्रतिवेदन तयार गरि नेपाल विद्युत प्राधिकरणमा विद्युत खरिद बिक्रि सम्झौताको लागि दरखास्त पेश गरिएको छ । नेपाल सरकारको विद्युत संकट निरुपण कार्ययोजना अन्तर्गत देशका विभिन्न भागमा सौर्य शक्तिबाट विजुली उत्पादन गर्ने नीति रहेको छ । उक्त नीति अनुसार नेपाल विद्युत प्राधिकरणले खुल्ला प्रतिस्पर्धाबाट आह्वान गरेको टेण्डरमा कम्पनीले तराईका विभिन्न जिल्लाहरूमा सौर्य उर्जा उत्पादन गर्न जम्मा १८ मे.वा. क्षमताका ८ वटा सोलार आयोजनाहरु प्राप्त गरी ने.वि.प्रा.सँग विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गर्ने अन्तिम अवस्थामा पुगेको छ । देशमा पहिलो पटक राष्ट्रिय ग्रीडमा आवद्ध सोलार विद्युत आयोजना निर्माण तथा सञ्चालनका लागि कम्पनीले कार्य गरिरहेको छ । अन्य आयोजनाहरूमा ७५ मेगावाट क्षमताको त्रिशुली गल्छी जलविद्युत आयोजनाको निर्माणका लागि लगानी गर्ने योजना यस कम्पनीको रहेको छ । कम्पनीमा २०७४ साल पौष १० गते सम्ममा संस्थापक सेयरधनीहरू १,०६४, स्थानीय सेयरधनीहरू १,९०४ र सर्वसाधारण सेयरधनीहरू १,१०,१३४ रहेको यो नेपालको एक ठूलो लगानीकर्ताहरूको प्रिय कम्पनी बनेको छ । कम्पनीमा दक्ष कामदारहरू एवम् प्राविधिकहरू रहेका छन् । कम्पनीले जलविद्युत आयोजनाका साथै सोलार प्रविधिबाट पनि उर्जा उत्पादन गर्न अध्ययन गरिरहेको छ । सुदूर पश्चिमाञ्चल विकासका कैयौं सम्भावना बोकेको क्षेत्र हो । कम्पनीले यस क्षेत्रमा जडिबुटी प्रशोधन, सिमेन्ट कारखाना निर्माण लगायतका अन्य विकासका आयोजनाहरूको लागि पहल गरिरहेको छ । कम्पनीले नयाँ आयोजनाहरूको निर्माण व्यवसाय विविधिकरण गर्दै आफ्ना सेयरधनीहरूलाई बढीभन्दा बढी मुनाफा दिने योजनाका साथ कार्य गरिरहेको छ ।

| | |
|---|---|
| कम्पनी स्थापना भएको मिति | : २०६०/०३/०५ |
| पब्लिक लिमिटेडमा परिणत | : २०७०/०४/१० |
| कम्पनीको दर्ता नं. | : ११४४७/०५९/०६० |
| उद्योग दर्ता नं. | : १३८४/८४/०६८/०६९ |
| कम्पनीको पान नं. | : ३०१४४२९१२ |
| स्थानिय वासिन्दालाई शेयर बाडँफाटँ मिति | : २०७१/१२/०४ |
| सर्बसाधारणलाई शेयर बाडँफाडँ मिति | : २०७२/०५/१५ |
| शेयर नेपाल स्टक एक्सचेन्जमा सूचीकृत मिति | : २०७२/०७/२३ |
| बजारमा शेयर खरीद बिक्री सुरु भएको मिति | : २०७२/०८/०२ |




नौगड गाढ जलविद्युत आयोजना ८.५ मे.वा. विद्युत गृह

Api Power Company Limited

# अपि पावर कम्पनी लिमिटेडको

## चौधौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडको मिति २०७४/०९/०७ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको चौधौ बार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा बोलाउने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### चौधौ बार्षिक साधारण सभा हुने मिति, स्थान र समय

**मिति** : २०७४ साल पौष ३० गते आईतबार (14th January 2018)
**स्थान** : कार्की व्याङ्केट, बबरमहल
**समय** : दिनको १.०० बजे देखि

### १४औं साधारण सभामा छलफलका बिषयहरु

**क) सामान्य प्रस्ताब :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७३/०७४ का वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/०७४ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा (हाल कम्पनीमा रहनुभएका लेखापरिक्षक ज्ञानेन्द्र एण्ड एसोसिएट्स लेखापरिक्षकको रुपमा पुन: नियुक्ती हुन सक्नुहुनेछ) ।

४. बोनश शेयर जारी गरे पश्च्यात कम्पनीको चुक्ता पूँजीको संरचना परिर्वतन हुने भएकाले सो अनुकुल हुनेगरी कम्पनीको प्रबन्धपत्रमा संसोधन गर्ने तथा सो सम्बन्धी कार्यगर्ने अख्तियारी संचालक समितिलाई दिने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. कम्पनीको आ.व.२०७३/७४ को खुद मुनाफाबाट ८ प्रतिशत (करबाहेक) बोनस शेयर वितरण गर्ने सम्बन्धमा ।

२. अपि पावर कम्पनी लिमिटेडले आ.व.२०७३/७४ को मुनाफाबाट ८ प्रतिशत बोनस शेयर जारी गरेपश्चात कायम रहने शेयर संख्या ११,३४०,००० कित्ता हुनेछ । यसमा विद्यमान १ शेयर बराबर २ शेयरका दरले हकप्रद शेयर निष्काशन गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने जम्मा रकम रु. २२६.८ करोड मध्ये रु. १०० करोड सिद्धकाली पावर लिमिटेडमा र रु. १२६.८ करोड कम्पनीले निमार्ण गर्ने १८ मे.वा क्षमताका विभिन्न सोलार आयोजनाहरु/माथिल्लो चमेलिया जलविद्युत आयोजना ४० मेगावाट निर्माणमा लगानी गर्ने सम्बन्धमा ।

३. कम्पनीले निर्माण गर्ने विभिन्न जलविद्युत तथा सौर्य उर्जा परियोजनाका लागि बैङ्कबाट ऋण लिने अधिकार संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**(ग) बिबिध :**

२०७४/०९/०७
सञ्चालक समितिको आज्ञाले ।
सिर्जना दंगाल
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी सामान्य जानकारीहरू

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालय तथा साधारण सभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिनेछ ।

२) शेयरधनीहरुको दस्तखतको लागी शेयरधनी उपस्थिति पुस्तिका विहान ११:३० बजेबाट खुल्ला गरिनेछ ।

३) साधारण सभा प्रयोजनका लागि मिती २०७४/०९/२१ देखी २०७४/०९/३० गते सम्म कम्पनीको शेयर खरिद बिक्री खाता बन्द (Book Close) रहनेछ । दाखिल खारेजका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू मात्र वोनश शेयरका लागि योग्य हुनेछन् ।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

५) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरूमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

७) चौधौं वार्षिक साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

# अध्यक्षको मन्तव्य



**शेयरधनी महानुभावहरू,**

अपि पावर कम्पनी लिमिटेडको चौधौं वार्षिक साधारणसभामा उपस्थित हुनुभएका सम्पुर्ण शेयरधनी महानुभावहरुमा सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । कम्पनीको यस चौंधौं वार्षिक साधारणसभामा उपस्थित भएर कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

नेपाली साना लगानीकर्ताहरुलाई एकत्र गर्दै देशमा जलविद्युत आयोजनाहरु निर्माण गरी सुसञ्चालन गर्दै देशमा विद्युतको माग परिपूर्ति गर्न सहयोग गर्ने उद्देश्यले बि.सं. २०६० आषाढ ५ गते अपि पावर कम्पनी प्राइभेट लिमिटेडको स्थापना भएको हो । मिति २०७० साल श्रावण १० गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको यस कम्पनीले नेपाली लगानीकर्ताहरुको सहभागीताबाट लगानी संकलन गरी जलविद्युतको विकास गर्ने कार्य गरिरहेको छ ।

अपि पावर कम्पनीले पहिलो आयोजनाको रुपमा महाकाली अञ्चलको दार्चुला जिल्लामा बहीरहेको नौगड गाड नदीको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगढ गाड जलविद्युत आयोजनाको निर्माण २०७२ साल श्रावण महिनामा सम्पन्न भई २०७२ साल भाद्र २ गते देखि व्यवसायीक उत्पादन गरिरहेको छ । सुदूर पश्चिमाञ्चलमा नीजि लगानीबाट बनेको यो नै पहिलो जलविद्युत आयोजना हो । यो आयोजना १७ महिनाको छोटो अवधिमा निर्माण पुराभई संचालनमा आएको हो । यो परियोजना निर्माण गर्न जम्मा रु १५१ करोड लगानी भएको छ । उक्त लगानी मध्ये शेयरधनीहरुको तर्फबाट रु ८२ करोड लगानी भएको र रु ६९ करोड बैंक मार्फत ऋण प्राप्त गरिएको थियो । आयोजनाबाट उत्पादित विद्युतशक्ति दार्चुला जिल्लामा अवस्थित बलाच सवस्टेसनमा जडान गरिएको छ । यस आयोजनाबाट उत्पादित विद्युत शक्ति १३२ के.भी. ट्रान्समिशनलाईन बाट प्रशारण गराउने सम्झौता भए पनि लामो समय सम्म उक्त प्रशारण प्रणाली संचालनमा नआइसकेकोले हामी ३३ के.भि प्रशारण लाइन मार्फत बलाचबाट अत्तरिया सम्म विद्युत प्रवाह गराउन वाध्य भएको जानकारी गराउँदछु । मलाई आज यस साधारणसभामा नेपाल विद्युत प्राधिकरणको १३२ केभि ट्रान्समिशनलाईन चालू भएको जानकारी गराउँदा खुसीको अनुभूति भएको छ । यो लाईन कोरियन सरकारको लगानीमा निर्माण भएको हो र सो लाईन चार्ज गर्न मेहनत गर्ने नेपाल विद्युत प्राधिकरण र कम्पनीका साथीहरुलाई बिशेष धन्यबाद दिन चाहन्छु । कम्पनीले उत्पादन गरेको ठुलो परिमाणमा विद्युतशक्ति राष्ट्रिय ग्रीडमा प्रवाह हुन नसकेको अवस्था अब अन्त्य भएको छ । यो १३२ केभि ट्रान्समिशनलाईनको निर्माण पुराभई संचालनमा आएको हुनाले यसमा लाईन जोडी हाम्रा परियोजनाहरुबाट भरपर्दो विद्युत आपुर्ति गरि आउने दिनहरुमा अझ बढि मूनाफा दिने सक्नेछौं । कम्पनीको दोस्रो आयोजना ८ मे.वा क्षमताको अप्पर नौगड गाढ साना जलविद्युत आयोजनाको विद्युत शक्ति पनि यसै लाईन मार्फत प्रभाव हुने भएकोले दुवै आयोजनाहरुको विद्युत प्रभाव अविरल रुपमा बहने जानकारी गराउँदछु ।

नौगड गाड जलविद्युत आयोजनाबाट उत्पादित विद्युतशक्तिले सुदुरपश्चिमका पहाडी जिल्लाहरु क्रमश: दार्चुला, बैतडी, डडेलधुरा, अछाम, डोटी, वझाङ र वाजुरामा लोडसेडिंग न्यून भएको छ । यो हाम्रो लागी निकै ठुलो सफलता हो । यस हिसाबले उक्त क्षेत्रहरुमा आउने दिनहरुमा उद्योग, कलकारखाना एवं अन्य आयमूलक कार्यक्रमहरु विस्तार हुनेमा म विश्वस्त छु । देश संघियतामा गएको परिपेक्षामा यि आयोजनाहरुको निर्माण र विकासले समग्र ७ नं प्रदेशको उन्नति र विकास हुने विस्वास लिएको छु । जलविद्युत एवं खनिज पदार्थहरुको प्रचुर संभावना बोकेको यस प्रदेशमा कम्पनीले बिभिन्न सम्भावनाहरु देखेको छ ।

अपर नौगड गाड जलविद्युत आयोजना (८.० मेगावाट) यस कम्पनीले निर्माण गरिरहेको दोश्रो परियोजना हो । कुल रु. १४४ करोडको लगानी लाग्ने अनुमान रहेको यस आयोजनाको लागी बैंक ऋण रु. १०० करोड तथा शेयरधनीहरुको लागी रु. ४४ करोड रहेको छ । यो आयोजना २०७३ जेष्ठमा निर्माण सुरु भई २०७४ चैत्र मसान्तमा सम्पन्न गर्ने गरी कार्य भईरहेको व्योहोरा यस सभा समक्ष बताउन पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

यो परियोजना संचालनमा आएपछि आगामी वर्ष शेयरधनीहरुलाई उच्च दरमा मूनाफा दिन सकिने कुरा बताउन चाहन्छु । छोटो अवधिमा कम्पनीको दोस्रो आयोजना सफलरुपमा निर्माण गरिरहेका सहयात्रीहरु साथीहरुलाई एवं कर्मचारीहरुलाई म यस साधारणसभाबाट धन्यबाद दिन चाहन्छु । अपि पावर कम्पनी लि लाई निजि क्षेत्रको एक ठूलो एवं कियाशिल कम्पनी बनाउने यात्रामा साथ दिने सम्पूर्ण शेयरधनिहरु एवं शुभ चिन्तकहरुलाई आभार प्रकट गर्दछु ।

आर्थिक वर्ष २०७३/७४ को लेखापरिक्षण पश्चात कम्पनी खूद मुनाफाबाट यसवर्ष शेयरधनी महानुभावहरुलाई ८.० प्रतिशतका दरले लाभांश उपलव्ध गराउन सकिने देखिएको कुरा जानकारी गराउँछु। कम्पनीले यस अघि ५ प्रतिशत लाभांश वितरण गरेको थियो। कम्पनीले प्रत्येक बर्ष आफ्नो नाफा बढाउँदै लाभांशको प्रतिशत बढाउनेछ। परियोजना सम्पन्न भएको आर्थिक वर्ष देखिनै लाभांश उपलव्ध गराउन सक्षम हुनु कम्पनी र शेयरधनीहरुका लागि सुखद् समाचार बनेको छ।

अपि पावर कम्पनीको शेयर बिक्रम सम्बत २०७२ साल मंसिर २ गते नेपाल स्टकमा सुचिकृत भई कारोबार भइरहेको छ। सुचिकृत हुँदा कम्पनीको शेयरको मूल्य रु. ३१३।- कायम भई कारोवार सुरु भएकोमा विभिन्न उतार चढाव पश्चात यो प्रतिवेदन लेखन गर्दा अर्थात मिति २०७४ पौष १२ गते कम्पनीको शेयरको वजार मूल्य रु. ४५४।- कायम रहेको छ। आगामी दिनहरुमा नेपालको शेयर वजारमा उच्च मूल्य कायम हुने कम्पनी बनाउने हाम्रो प्रयास रहनेछ।

**शेयरधनी महानुभावहरू,**

हामीले गएको तेह्रौं वार्षिक साधारणसभा तथा विशेष साधारणसभाबाट १:२ (एक बराबर दुई) का दरले हकप्रद सेयर निश्काषन गर्ने निर्णय गरी कार्य अघि बढाएको कुरा यहाँहरु समक्ष पुनः स्मरण गराउन चाहन्छु। हामी आज सम्म उक्त निर्णय कार्यान्वयन गराउने कुरामा निरन्तर लागि रहेका छौं। आजको यस चौधौं वार्षिक साधारणसभामा पनि हामी यहाँहरु समक्ष उक्त प्रस्ताव लिएर पुनः आएका छौं। कम्पनीले १:२ अनुपातमा हकप्रद सेयर निष्काशन गरि उठाएको पूँजीबाट त्रिशुली गल्छी आयोजना तथा सोलार आयोजनाहरुमा लगानी गर्नेछौं। यदि उक्त परियोजनाहरुमा लगानी हुन नसकेमा उक्त रकम कम्पनीले पहिचान गरेको ४० मे. वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनामा लगानी गरिने छ।

आयोजनाहरुको विकास गर्ने क्रममा मिति २०७२/१२/२५ मा सम्पन्न भएको विशेष साधारण सभाले निर्णय गरे वमोजिम वागमती अञ्चलको रसुवा, नुवाकोट र धादिंग जिल्ला भएर वहने त्रिशुली नदीमा सिद्धकाली पावर लिमिटेडले पहिचान गरी अगाडी वढाएको ७५ मे. वा. क्षमताको त्रिशुली गल्छी जलविद्युत आयोजना (प्रस्तावित २८ मे. वा.) को शेयरमा लगानी गरी यो आयोजना निर्माण कार्यमा संलग्न भई काम गरिरहेका छौं। यो आयोजनाको लागी टनेल निर्माण गर्ने काममा बढी जोखिम देखिएको हुँदा डिजाईनमा परिवर्तन गरेर आयोजनाको क्षमता घटाई (२८ मेगावाट) टनेल रहित Dam Toe Type Turbine रहेको आयोजना निर्माण हुनेछ। सानो आयोजनाहुँदा टनेल लगायत अन्य संरचनाहरुको निर्माण जोखिम कम हुने, लागत कम हुने, बित्तिय व्यवस्थापन गर्न सहज हुने र निर्माण गर्न कम समय लाग्ने हुनाले आयोजनाको क्षमता घटाई कार्य अघि बढेको छ। यस बाट शेयरधनीहरुको मुनाफामा कुनै फरक नपर्ने कुरा पनि बताउन चाहन्छु।

हाल ८.५ मेगावाट विद्युत उत्पादन गरिरहेको कम्पनीले थप ८ मेगावाट विद्युत उत्पादन गर्ने अप्पर नौगढगाड, ७५ मेगावाट (प्रस्तावित २८ मेगावाट) त्रिशुली गल्छी, ४० मेगावाट क्षमताको अपर चमेलिया तथा १८ मेगावट क्षमताको सोलार आयोजना संचालन गर्ने कम्पनी हुनेछ। यी आयोजनाहरुको निर्माण सम्पन्न गरेपछि अपि पावर लिमिटेड देशको एक ठूलो जलविद्युत कम्पनी हुनेछ।

अपि पावर कम्पनीले ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको सर्भेक्षण अनुमति पत्र प्राप्त गरि आयोजनाको बातावरणीय प्रभाव र संभाव्यता अध्ययन कार्य पुरा गरी विद्युत खरीद संम्फौताका लागी नेपाल विद्युत प्राधिकरण समक्ष आवेदन गरेको छ। यो आयोजना पनि कम्पनीले आफ्नै श्रोत परिचालन गरि निर्माण गर्ने सोचका साथ कार्य गरिरहेको छ।

हामी अपि पावर कम्पनीलाई नेपालको ठूलो र मूनाफादायी कम्पनी बनाउने सोचलिई मेहनतका साथ कार्य गरिरहेका छौ। म आजको यस साधारण सभाबाट कम्पनीको बारे सकारात्मक प्रचार गरी आउने दिनहरुमा अझै बढि सहयोग गरिदिनु हुनेछ भन्ने अनुरोध समेत गर्न चाहन्छु।

कम्पनीलाई आजको यस अवस्थामा पुर्‍याउन सहयोग गर्नुहुने शेयरधनी महानुभावहरु, वित्तिय सहयोग गर्ने बैंकहरु, सिभिल निर्माणको कार्य गर्ने श्री मकालु डेभलपर्स लिमिटेड, हाइड्रोमेकानिकल कार्य सम्पन्न गर्ने अपि हाइड्रोमेकानिकल कम्पनी लि., इलेक्ट्रोमेकानिकल उपकरणहरु जडान गर्ने कम्पनीहरु, नेपाल विद्युत प्राधिकरण, उर्जा मन्त्रालय, विद्युत विकास विभाग तथा कम्पनीको काममा अथक मेहनत गर्नुहुने सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। आफ्नो व्यस्त कार्यक्रमको बाबजुत पनि यस सभामा उपस्थित भई कम्पनीको हौसला बढाई दिनु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद दिँदै सञ्चालक समितिद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागी प्रस्तुत गर्दछु।

**धन्यवाद ।**

**गुरु प्रसाद न्यौपाने**
(अध्यक्ष)

# आर्थिक वर्ष २०७३/०७४

## कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन

अपि पावर कम्पनी लिमिटेड वि.सं. २०६० साल आषाढ ५ गते कम्पनी रजिष्ट्रारको कायर्लयमा दर्ता भई वि.स २०७० साल श्रावण ४ गते पब्लिक लिमिटेड कम्पनीमा परिणत भई जलविद्युत सम्बन्धि व्यवसाय गरिरहेको कम्पनी हो । कम्पनीको हालको अधिकृत पूँजी रू. ५०० करोड, जारी पूँजी रू. ३०० करोड र चुक्तापूँजी रू. १०५ करोड  पुगेको छ । कम्पनीको चुक्ता पूँजी मध्ये रू. ६३ करोड संस्थापक शेयरधनी, रू. १०.५ करोड स्थानिय जनता तथा रू. ३१.५ करोड सर्वसाधारण, सामुहिक लगानी कोष तथा कर्मचारीहरूको लगानी रहेको छ । आ.व. २०७२/७३ को खुद मुनाफाबाट शेयरधनीहरूलाई ५ प्रतिशतका दरले बोनश शेयर उपलब्ध गराइएको छ । सो बोनश शेयर सुचिकृत भई कम्पनीको चूक्ता पूँजी रू. १०५ करोड पुगेको हो । कम्पनीले बर्षेनी खुद मुनाफा बाट शेयरधनीहरुलाई वितरण गर्ने बोनश यस चौधौं बार्षिक साधारणसभा बाट आ.व. २०७३/७४को लेखा परिक्षण पश्चात कम्पनीको खुद मुनाफाबाट ८ प्रतिशत का दरले (कर बाहेकको) लाभांश, बोनश शेयरको रुपमा उपलब्ध गराइएको छ । सो बोनश शेयर सुचिकृत भए पश्चात कम्पनीको चुक्ता पूँजी रु ११३.४ करोड पुग्ने छ ।

कम्पनीमा लगानी गर्ने शेयरधनीहरूमध्ये १,०६४ संस्थापक शयेरधनी, १,९०४ स्थानीय शयेरधनी तथा १,१०,१३४ जना साधारण शेयरधनीहरूकोलगानी रहेको छ । अपि पावर कम्पनीले मिति २०७१/१०/०२ मा उद्योग प्रभावित क्षेत्रका लागि र २०७२/३/२१ देखी २०७२/३/२४ सम्म सर्वसाधारण जनताका लागि शेयर बिक्री खुल्ला गरिएका साधारण शेयर मिति २०७२/०९/०३ गते नेपाल धितापेत्र बोर्डमा सुचिकरण गरिएको थियो । कम्पनीको १,०५,००,००० कित्ता शेयरमध्ये हाल नेपाल स्टक एक्सचेन्जमा ३०,५५,५०० कित्ता शेयरको मात्र कारोबार भैरहेको छ  जसको अधिकतम मुल्य रू. ८४०।- सम्ममा कारोबार भएको थियो । कम्पनीको शेयरको न्यनूतम कारोबार मूल्य २०७४ पौष १२ गते रू. ४५४।- रहेको छ। संस्थापक शेयरधनी तथा स्थानीय जनताको लगानीको शेयर भने तीन वर्षसम्मका लागि  रोक्का अवधि रहेको हुँदा कारोवार भएको छैन । हाल निर्माणाधीन अपर नौगड गाढ साना जलविद्युत आयोजनाको निर्माण पुरा भई सचांलनमा आएपछि कम्पनीको आयमा बृद्धि हुनुका साथै शेयरको बजार मूल्य बढ्ने अनुमान छ ।

कम्पनीले आफ्नो लगानी तथा बैंक ऋणबाट महाकाली अंचलको दार्चुला जिल्लामा बहने नौगड गाढ खोलाको पानी उपयोग गरी ८.५ मेगावाट क्षमताको नौगड गाढ साना जलविद्युत आयोजना निर्माण सम्पन्न गरी वि.सं. २०७२ भाद्र २ गतेदेखि राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह गरी व्यापारिक उत्पादन गरिरहेको छ । सो आयोजनाको लागत रू. १५१ करोड रहेको छ । जसमा रू. ६९ करोड बराबरको बैंक ऋण श्री नेपाल बैंक लिमिटेडको अगुवाईमा तथा शेयरधनीहरूबाट रू. ८२ करोड लगानी रहेको छ । विद्युत खरिद बिक्री सम्झौता सम्पन्न हुँदा यस नौगड गाढ साना जलविद्युत आयोजनाबाट उत्पादित विद्युत अत्तरिया-बलाच १३२ के.भी ट्रान्समिशन लाईन मार्फत विद्युत प्रवाह हुने सम्झौता रहेको थियो । तर उक्त १३२ केभि ट्रान्समिशन लाईन आयोजना हालसम्म पनि संचालन हुन सकेको छैन । यसको तत्कालीन विकल्पको रुपमा विद्यमान ३३ के.भि. ट्रान्समिशन लाईनबाट राष्ट्रिय ग्रिडमा प्रवाह गरिरहेका छौं । यो लाइनमा बारम्बार ट्रीप हुने तथा फल्ट आउने भएकाले कम्पनीले लक्ष्य अनुसार विद्युत प्रवाह गर्न सकेको छैन । १३२ के.भि. ट्रान्समिशन लाईन सुचारु भएपछि लाईन लसमा कमी आई कम्पनीको आयमा बृद्वि हुनेछ ।



नौगड गाढ जलविद्युत आयोजना ८.५ मे.वा. को बाँधस्थल

सिद्धकाली पावर कम्पनी लिमिटेडले निर्माण गर्न लागेको त्रिशुली गल्छी जलविद्युत आयोजनाको संस्थापक शेयरमा लगानी गर्नका लागि कम्पनीलाई प्रस्ताव प्राप्त भएको छ । उक्त प्रस्तावमा कम्पनीको संचालक समितिको बैठकमा छलफल गरी कम्पनीले रू. २०० करोड लगानी गरी परियोजना निर्माणमा संलग्न हुने निर्णय गरी मिति २०७२/१२/२७ मा पहिलो विशेष साधारण सभाबाट १:२ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय पारित गरी सोको स्वीकृतीको लागि धितोपत्र बोर्डमा मिति २०७३/१/१ मा आवेदन गरेकोमा अहिलेसम्म पनि स्वीकृती पत्र प्राप्त भएको छैन ।

कम्पनीसँग रहेको रू. १०५ करोडको चुक्ता पूँजी तथा आर्थिक वर्ष २०७३/७४ को मुनाफाबाट प्राप्त रू. ५ करोड समेत गर्दा रू. १०५ करोड रहेकोमा नौगड गाढ आयोजना निर्माणको लागि रू. ८२ करोड लगानी भएको छ । यसैगरी अपि हाईड्रोमेकानिकल कम्पनी लिमिटेडको शेयरमा रू. ७ करोड, अरुण काबेली पावर लिमिटेड कम्पनीको शेयरमा रू. ५.० करोड, सिद्धकाली पावर लिमिटेडको शेयरमा रू. २.२५ करोड, सोलार आयोजना विकासको लागि रू. २.० करोड तथा अन्य लगानीमा रू. ४.४ करोड उपयोग भई कम्पनीसंग बचेको रू. ९ करोड अपर नौगड गाढ साना जलविद्युत आयोजनामा लगानी भएको छ । अपर नौगड गाढ साना जलविद्युत आयोजना निर्माणको लागि चाहिने थप पूँजी अन्तर कम्पनी सापटी लिएर परिचालन गरिएको छ । यो न्यून परिपुर्ति गर्न कम्पनीको आर्थिक वर्ष २०७३/७४ को आम्दानी तथा हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने पूँजीबाट परिपूर्ति गर्ने लक्ष्य रहेको छ । शेयरधनी माहानुभावहरूलाई प्रदान गर्ने लाभांश भने वोनश शेयर मार्फत प्रदान गरिदै आएको छ । कम्पनीले अपर नौगड गाढ साना जलविद्युत आयोजनाको काम तीव्ररुपमा अघि बढाएको, सोलारका आयोजनाहरूको काम गर्ने नयाँ निर्णय गरेको, अपर चमेलिया जलविद्युत आयोजनाको संभाव्यता अध्ययनको काम गरिरहेको र त्रिशुली गल्छी जलविद्युत आयोजनामा पनि लगानी गर्नु प्रतिबद्धता व्यक्त गरेको हुँदा नयाँ ढंगले पूँजी लगानीको योजना बनाई काम गर्नु पर्ने आवश्यकता छ । जलविद्युत लगाएतका पब्लिक लिमिटेड कम्पनीहरूलाई हकप्रद शेयर निष्काशन गर्न दिने सम्बन्धमा नेपाल धितोपत्र बोर्डले मिति २०७३/८/२२ गते मा नयाँ नीति लागू गरेको छ । सो नीतिमा भएको व्यवस्थानुसार प्राथमिक शेयर निष्काशन गरेको दुई वर्ष पुरा भएका कम्पनीलाई मात्र हकप्रद शेयर निष्काशन गर्न दिने नीति बनेको हुँदा हाम्रो कम्पनीले सर्वसाधारण जनताको लगानीका लागि शेयर निष्काशनको स्वीकृती पाएको मिति २०७२/३/११ भएको हुँदा सो मिति देखि दुई वर्ष पुरा हुनका लागि २०७४/३/११ सम्म प्रतिक्षा गर्नुपर्ने भएको थियो । कम्पनीले दोस्रो विशेष साधारणसभाबाट पुनः १:२ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय पारित गरि सो को स्वीकृतीको लागि नेपाल धितोपत्र बोर्डमा आवेदन गरेकोमा हालसम्म पनि स्वीकृतीको पत्र प्राप्त भएको छैन ।

कम्पनीको यस चौधौं साधारण सभाबाट कम्पनीको चुक्ता पूँजी रू. ११३.४ करोडको १:२ का अनुपातमा हकप्रद शेयर निष्काशन गरी जम्मा रू. २२६.८ करोड थप पूँजी संकलन गर्ने प्रस्ताव गरेको छौं । कम्पनीमा यसरी संकलन हुने पूँजी निम्नबमोजिम लगानी गर्ने योजना रहेको छ ।

| सि.नं | परियोजना | लगानी (रू. करोडमा) |
|---|---|---|
| १ | सोलार विद्युत आयोजना | १२६.८ |
| २ | त्रिशुली गल्छी जलविद्युत आयोजना | १००.०० |
| | | **जम्मा २२६.८** |

कम्पनीको मिति २०७२/१२/२७ सम्पन्न पहिलो विशेष साधारण सभाबाट कम्पनीका शेयरधनीहरूका लागि १:२ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने र यसरी निष्काशन गरिएको शेयरबाट संकलन हुने रकम सिद्धकाली पावर लिमिटेडको संस्थापक शेयरमा लगानी गर्ने निर्णय गरेको थियो ।

साधारण सभाबाट अनमोदित कम्पनीको यो निर्णयको आधारमा हकपद्र शेयर निष्काशनको अनुमतिका लागि मिति २०७२/१/१० मा धितापेत्र वोर्डमा आवदेन गरिएको छ । यो आवेदन उपर अन्तिम स्वीकृती प्रदान हुने क्रममा लामो समय व्यतित भएको छ तर स्वीकृती प्राप्त भएको छैन । मिति २०७३/०८/२१ को सचांलक समितिको निर्णय वमोजिम धितोपत्र वोर्डले एक सूचना प्रकाशित गरी बैकिङ्ग वा बीमा सम्बन्धी व्यवसाय गर्ने कम्पनीहरू वाहेक अन्य सगंठित सस्थाहरूको हकप्रद निष्काशन तथा थप सार्वजनिक निष्काशनको लागि थप शर्त तथा मापदण्डहरू लागू गरेको र यसबाट अपि पावर कम्पनीलाई समेत असर पुऱ्याएको थियो । नयाँ निष्काशनमा समय लाग्ने र सिद्धकाली पावर लिमिटडेमा अपि पावर कम्पनीले २०० करोड बराबरका शेयर लगानी गर्न नसक्ने हुँदा सिद्धकाली पावर लिमिटडेले स्वतन्त्र रुपमा सर्वसाधारण लगानी कर्ताहरूलाई आहवान गरी सस्थापक शेयरमा लगानी जुटाई रहेको र कम्पनीमा अव अपि पावर कम्पनीको रु. १०० करोड मात्र शेयर लगानी हुनेछ । कम्पनीका अन्य नयाँ आयोजनाहरू मध्ये अपर नौगड गाढ, सोलार विद्युत आयोजना, अपर चमेलिया आदि आयोजनाहरूको निमार्णको लागि चाहिने लगानीका लागि आ.व. २०७३/०७४ भित्र हकप्रद शेयर निष्काशन गर्ने गरी कम्पनीले काम गरिरहेको कुरा सर्वसाधारण लगानीकर्ताहरूलाई जानकारी गराउँदछौं । मिति २०७३/०८/२१ को संचालक समितिको निर्णय बमोजिम धितोपत्र बोर्डले एक सूचना प्रकाशित गरी बैकिङ्ग वा बिमा सम्बन्धी व्यवसाय गर्ने कम्पनीहरू वाहेक अन्य संगठित संस्थाहरूको हकप्रद निष्काशन तथा थप सार्वजनिक निष्काशनको लागि थप शर्त तथा मापदण्डहरू बमोजिम सार्वजनिक निष्काशन गरेको कम्तीमा पनि २ वर्ष पुरा नगरी हकप्रद शेयर जारी गर्न नपाउने नियमको कारण कम्पनीले २०७४/०३/११ पछि मात्र हकप्रद शेयर जारी गर्न सक्ने अवस्था थियो । कम्पनीले आर्थिक वर्ष २०७२/७३ को मुनाफाबाट बोनश शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रू. १०५ करोड भएको थियो । कम्पनीले यस आर्थिक बर्ष २०७३/०७४ को खुद मुनाफा बाट ८ प्रतिशतका दरले (कर बाहेकको) बोनश शेयर जारी पश्चात कम्पनीको चुक्ता पूँजी ११३.४ करोड हुनेछ । सो पूँजीको १:२ हकप्रद शेयर निष्काशन पश्चात रु.२२६.८ करोड रकम कम्पनीले शेयरधनीहरुबाट संकलन गर्नेछ । यसपछी कम्पनीको चुक्ता पूँजी गरी रू. ३४०.२ करोड पुग्नेछ । पव्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भई विद्युत विकासको काममा संलग्न भएको यस कम्पनीमा धेरै शेयरधनीहरूको लगानी रहेको छ । लगानीमा उचित प्रतिफल प्राप्त होस भन्ने बारेमा कम्पनी सदैव समर्पित भएर काम गरिरहेको छ । कम्पनीले बिभिन्न आयोजनामा लगानी गरे पश्चात कम्पनीको पूँजी संरचना, आय, नाफा शेयर मूल्यमा हुने बृद्धि निम्न बमोजिम रहने अनुमान छ ।

# Projected Indicators


















# शेयरको बजार मूल्य

**मिति २०७२ मंसीर २ गतेबाट कम्पनीको शेयर नेपाल स्टक एक्सचेन्जमा कारोवार सुरु भएको हो । कारोवार सुरुहुँदा प्रतिशेयरको मुल्य रु. ३०१/- वाट सुरुभएको थियो । सो मुल्यमा वृद्धिहुदै गएर यो प्रतिवेदन तयार गर्दाको अवस्थामा अर्थात २०७४ पौष १२ गते सम्ममा रु. ४५४/- मा खरिद भएको छ ।**

**कम्पनीको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भए पश्चात आजका मितिसम्म शेयरको कारोबारको बजार मूल्य तालिका र लेखा चित्र बनाई प्रस्तुत गरिएको छ ।**

| Month | Closing Share Price (NPR) |
|---|---|
| Mangsir, 2072 | 391.00 |
| Poush, 2072 | 390.00 |
| Magh, 2072 | 540.00 |
| Falgun, 2072 | 747.00 |
| Chaitra, 2072 | 658.00 |
| Baisakh, 2073 | 677.00 |
| Jestha, 2073 | 771.00 |
| Asadh, 2073 | 843.00 |
| Shrawan, 2073 | 705.00 |
| Bhadra, 2073 | 620.00 |
| Ashwin, 2073 | 613.00 |
| Kartik, 2073 | 569.00 |
| Mangsir, 2073 | 413.00 |
| Poush, 2073 | 405.00 |
| Magh, 2073 | 315.00 |
| Falgun, 2073 | 435.00 |
| Chaitra, 2073 | 616.00 |
| Baisakh, 2074 | 600.00 |
| Jestha, 2074 | 564.00 |
| Asadh, 2074 | 545.00 |
| Shrawan, 2074 | 660.00 |
| Bhadra, 2074 | 589.00 |
| Ashwin, 2074 | 550.00 |
| Kartik, 2074 | 499.00 |
| Mangsir, 2074 | 490.00 |




कम्पनीको परिचय पछि म यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन र सोही वर्षको लेखापरीक्षण भएका वित्तीय विवरणहरु सभासमक्ष छलफल तथा अनुमोदनको लागि प्रस्ताव प्रस्तुत गर्दछु ।

## (१) विगत वर्षको कारोबारको सिंहावलोकन

### (क) कम्पनीको शेयर पुँजी तथा सञ्चिती :

| विवरण | आ.व २०७३/०७४ | आ.व २०७२/०७३ |
|---|---|---|
| शेयर पुँजी | १,०५०,०००,०००।- | १,०००,०००,०००।- |
| जगेडा कोष तथा सञ्चित नाफा | ९०,०९७,४८८।- | ६७,१८८,६००।- |
| जम्मा पुँजी | १,१४०,०९७,४८८।- | १,०६७,१८८,६००।- |

(ख) अपि पावर कम्पनी लिमिटेडको शेयरको बनोट






## २. कम्पनीको निर्माणाधीन परियोजना एवं भावी कार्यक्रम

### क) अपर नौगड गाढ साना जलविद्युत आयोजना (८.० मेगावाट)

यस अपि पावर कम्पनी लिमिटेडले व्यवसाय विस्तार गर्दै जाने उद्देश्य अनुसार दार्चुला जिल्लाको नौगड गाउँपालिका भएर बहने नौगाढ नदीमा ८.० मे.वा. क्षमताको अपर नौगड गाढ जलविद्युत आयोजनाको नेपाल सरकार, उर्जा मन्त्रालयबाट विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७३/०७/१२ गते विद्युत खरिद-विक्री सम्झौतामा हस्ताक्षर गरि द्रुत गतिमा निर्माणको काम गरिरहेको छ। यस आयोजनाको निर्माणमा कुल लागत रु १४४ करोड हुने अनुमान छ। आयोजनाका लागि बैंक ऋण रु १०० करोड तथा शेयरधनहिरुबाट रु ४४ करोड लगानी हुनेछ। बैंक ऋण मध्ये नेपाल एसबिआई बैंक लि. बाट रु ५५ करोड, प्रभु बैंक लि. बाट रु ४५ करोड लागत गर्ने गरी Syndicated Loan Agreement सम्पन्न भएको छ। आयोजनाको बाँध, इन्टेक, हेडरेस, फोर-वे, सर्जट्याङ्क, पेनस्टक पाइप र विद्युत गृहको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। हाल यस आयोजनाको इलेक्ट्रोमेकानिकल उपकरणहरुको जडान कार्य द्रुत गतिमा भइरहेको छ। सबै संरचनाहरुको कार्य यही चैत्र मसान्त सम्ममा सकी २०७५ बैशाखमा विद्युत उत्पादन सुरु गरी राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गरिने छ। आयोजनाबाट वार्षिक ४,८७,०१,८७२ युनिट विजुली उत्पादन हुने अनुमान रहेको छ। आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको, चमेलिया जलविद्युत आयोजना, १३२ के.भी. बलाँच सवस्टेसनमा जडान गरी राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गरिने छ।



अपर नौगड गाढ जलविद्युत आयोजनाको निर्माणाधीन इन्टेक

**आयोजनाका मुख्य रुपरेखाहरू**

| | |
|---|---|
| स्थान | नौगड गाउँपालिका, दार्चुला जिल्ला |
| आयोजनाको प्रकार | रन-अफ-रिभर |
| डिजाईन डिस्चार्ज | ६.४३ घ.मि. प्रति सेकेण्ड |
| जम्मा हेड | १६३.४४ मिटर |
| नेट हेड | १४२.८५ मिटर |
| आयोजनाको क्षमता | ८ मे.वा. |
| बार्षिक उत्पादन | ४,८७,०१,८७२ किलोवाट घण्टा |
| हेडरेस पाईपको लम्बाई | ५१५० मिटर |
| पाईपको व्यास | १.८ मिटर |
| मौने खोलाको हेडरेस पाईपको लम्बाई | १२३६ मिटर |
| पेनस्टक पाईपको लम्बाई | २३३ मिटर |
| टर्बाइनको प्रकार | फ्रान्सिस, २ वटा |
| ट्रान्समिसन लाईन लम्बाई | ७ कि. मि. |
| आयोजनाको अनुमानित लागत | १४४ करोड |
| अनुमतिपत्र वहाल रहने अवधि | २१०८/०९/१३ |

## ख. माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मेगावाट)

यस अपि पावर कम्पनी लिमिटेडले दार्चुला जिल्लाको मार्मा गाउँपालिका भएर बहने चमेलिया नदीमा ४० मे.वा. क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको पहिचान गरी विद्युत विकास विभागबाट सर्बेक्षण अनुमतिपत्र प्राप्त गरिसकेको छ। आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन साउथ एशिया इन्जिनियरीङ्ग बाट तयार गरी नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत बिकास विभाग र नेपाल विद्युत प्राधिकरणमा पेश गरिएको छ। हाल यस आयोजनाको नेपाल विद्युत प्राधिकरणमा विद्युत खरिद बिक्रि सम्झौताको लागि दरखास्त पेश गरिएको छ। आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन इन्भाइरोमेन्टल सर्भिस नेपाल मार्फत तयार गरि नेपाल सरकार, उर्जा मन्त्रालयमा स्वीकृतीको लागि पेश गरिएको छ। यस आयोजनालाई आगामी ३ वर्षमा सम्पन्न गर्ने लक्ष्य कम्पनीले राखेको छ। आयोजनाबाट वार्षिक २५,३०,५७,२७९ युनिट विजुली उत्पादन हुने अनुमान रहेको छ। आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको बलाँचमा रहेको सबस्टेसनमा जडान गरी राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गरिने छ।



अपर चमेलिया जलविद्युत आयोजनाको प्रस्तावित बाँधस्थल

### आयोजनाका मुख्य रुपरेखाहरू

| | |
|---|---|
| स्थान | : मार्मा गाउँपालिका, दार्चुला जिल्ला |
| आयोजनाको प्रकार | : रन-अफ-रिभर |
| डिजाइन डिस्चार्ज | : २२.७९ घ.मि. प्रति सेकेन्ड |
| ग्रस हेड | : २१५.०० मिटर |
| आयोजनाको क्षमता | : ४० मे.वा. |
| वार्षिक उत्पादन | : २५,३०,५७,२७९ किलोवाट घण्टा |
| पेनस्टक पाइप | : ५००० मिटर |
| पाइपको ब्यास | : ३.५ मिटर |
| टर्बाइनको प्रकार | : फ्रान्सिस, २ वटा |
| ट्रान्समिसन लाइन लम्बाई | : १६ कि.मि. (१३२ के.भि.) |
| आयोजनाको अनुमानित लागत | : रु ७२० करोड (प्रति मेगावाट रु. १८ करोड अनुमानित) |

### ग. सौर्य विद्युत आयोजनाहरु (१८ मेगावाट)

नेपाल सरकारले विद्युत संकट निरुपण कार्ययोजना अन्तर्गत देशका विभिन्न भागमा उर्जा समिश्रण गर्ने निति बमोजिम सौर्य शक्ति तथा वायु शक्ति बाट विजुली उत्पादन गर्ने योजना लिएको छ । यस अन्तर्गत नेपाल विद्युत प्राधिकरणले खुल्ला प्रतिस्पर्धाबाट देशका तराईका जिल्लाहरूमा अवस्थित विभिन्न सवस्टेशनहरू रहेका ठाँऊमा जडान गर्ने गरी सोलारबाट जम्मा ६४ मेगावाट विद्युत उत्पादनको लागि नीजिक्षेत्रको लागि एक टेण्डर आह्वान गरेको थियो । सो टेण्डरमा भाग लिएर अपि पावर कम्पनीले जम्मा १८ मेगावाट क्षमताका आठ वटा सोलार आयोजना निर्माणको टेण्डर घटाघट विधिबाट प्राप्त गर्न सफल भएको छ । यी आयोजनाहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

| क्र.स | परियोजना स्थल | जिल्ला | क्षमता (मेगावाट) | सर्वेक्षण अनुमति पत्र प्राप्त मिति | अनुमानित लागत (करोड) |
|---|---|---|---|---|---|
| १ | ढल्केवर | धनुषा | १.० | १४ मंसिर २०७३ | ९.५५ |
| २ | चन्द्रनिगाहपुर | रौतहट | ४.० | १४ मंसिर २०७३ | ३८.२ |
| ३ | सिमरा | बारा | १.० | १४ मंसिर २०७३ | ९.५५ |
| ४ | परवानीपुर | पर्सा | ८.० | १४ मंसिर २०७३ | ७६.४ |
| ५ | कावासोती | नवलपरासी | ०.५ | १४ मंसिर २०७३ | ४.७७५ |
| ६ | कावासोती | नवलपरासी | १.० | १४ मंसिर २०७३ | ९.५५ |
| ७ | वर्दघाट | नवलपरासी | १.० | १४ मंसिर २०७३ | ९.५५ |
| ८ | चन्द्रौटा | कपिलवस्तु | १.५ | १४ मंसिर २०७३ | १४.३२५ |

नेपालमा सोलार आयोजनाबाट विद्युत उत्पादन गरि राष्ट्रिय ग्रिडमा जोडेर विद्युत खरिद बिक्रि सम्झौता गरी निजि लगानीकर्तालाई लगानीको लागि आह्वान गरेको यो पहिलो प्रयास हो । यस अन्तर्गत आर्थिक वर्ष २०७२/७३ मा सौर्य उर्जाबाट कुल विद्युत उत्पादन १० प्रतिशतसम्म अर्थात १०० मेगावाटसम्म र आर्थिक वर्ष २०७३/७४ मा थप १०० मेगाबाट विद्युत उत्पादन गर्ने सरकारको लक्ष्य रहेको छ ।

सौर्य उर्जाबाट दिउँसोको समयमा मात्र विद्युत उत्पादन भई ग्रिडमा आपुर्ति हुन्छ । एक मेगावाट क्षमताको सोलार प्लान्ट जडानका लागि ३ विघा जमिनको आवश्यकता पर्दछ । यस्तो जमिन खरिद गरेर अथवा लिजमा लिएर वा तराईमा रहेको सरकारी जग्गा प्राप्त गरेर काम गर्न सकिने संभाव्यता रहेको छ ।

ग्रिडमा जोडिने सोलार आयोजको निर्माण गर्न औसतमा रू. ९.५५ करोड प्रतिमेगावाट लागत लाग्ने अनुमान छ । यी आयोजनाहरूको निर्माण एक वर्षभित्र सम्पन्न भईसक्ने भएकाले कम्पनीलाई आय प्राप्त हुने तथा अपि पावर कम्पनी हाम्रो देशमा ग्रीडमा जोडिएको सोलार आयोजना निर्माण गर्ने पहिलो कम्पनी बन्ने छ ।

यी आयोजनाहरुको नेपाल विद्युत प्राधिकरण सँग ग्रिड कनेक्सन सम्झौता सम्पन्न भई हाल विद्युत खरिद बिक्रि सम्झौताको मस्यौदामा समेत हस्ताक्षर गरि विद्युत खरिद बिक्री सम्झौता सम्पन्न हुने अन्तिम चरणमा रहेको छ । यी आयोजनाहरुको सम्भाव्यता अध्ययन सम्पन्न गरि प्रारम्भीक वातावरण मूल्याङ्कनको कार्यसूची समेत तयार भई आयोजनालाई आवश्यक पर्ने जग्गा खरिद वा वहाल (लिज) मा लिने काम भईसकेको छ । कम्पनीले यी आयोजनाहरुको निर्माण कार्य ६ महिनामा सम्पन्न गर्ने लक्ष्य राखेको छ ।



सौर्य उर्जा उत्पादन विधि

### घ. त्रिशुली-गल्छी जलविद्युत आयोजना ७५ मेगावाट (२८ मेगावाट प्रस्तावित)

अपि पावर कम्पनी लिमिटेडले नुवाकोट र धादिङ जिल्ला भएर बहने त्रिशुली नदीमा निर्माण हुने (२८ मे.वा. प्रस्तावित) क्षमताको त्रिशुली-गल्छी जलविद्युत आयोजनाको लागि सिद्धकाली पावर लिमिटेडको शेयरमा लगानी गर्ने निर्णय गरेको छ। सिद्धकाली पावर लिमिटेड कम्पनीले यो आयोजनाको पहिचान गरी सम्पूर्ण अध्ययनको काम गरेको छ। उक्त आयोजनाको नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद-बिक्री सम्झौता सम्पन्न भइसकेको छ। यस आयोजनाको संम्भाव्यता अध्ययनको काम भारतिय कम्पनी डिजाइन ग्रुप प्रोजेक्ट कन्सलटेन्टबाट भइसकेको छ र कन्स्ट्रक्सन डिजाइनको काम भारतीय कम्पनी स्ट्राटा एण्ड स्ट्रक्चर्सबाट भइरहेको छ। आयोजनालाई आवश्यक पर्ने जग्गा खरिदको काम भइसकेको छ। प्रमुख संरचनाको कामहरू २०७४ मंसिर महिनाबाट सुरु भई यस आयोजनालाई आगामी ३.५ वर्षमा सम्पन्न गर्ने लक्ष्य कम्पनीले राखेको छ। आयोजनाबाट वार्षिक ४२,९७,८१,१५२ किलोवाट घण्टा विजुली उत्पादन हुने अनुमान रहेको छ। आयोजनाबाट उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणको मर्स्याङदी - काठमाडौं ट्रान्समिसन लाईनमा जडान गरी राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गरिने छ।




त्रिशुली गल्छी जलविद्युत आयोजनाको प्रस्तावित विद्युतगृह

## (३) चालु आर्थिक वर्षको उपलब्धि

कम्पनीले ८.५ मेगावाट क्षमताको नौगड गाढ जलविद्युत आयोजनाको यस आ. व. २०७३/७४ मा विद्युत उत्पादन निरन्तर गरि नेपाल विद्युत प्राधिकरणसँग भए बमोजिम विद्युत खरिद बिक्री सम्झौता अनुरूप व्यापारिक उत्पादन गरिरहेको छ।

हाल कम्पनीले ८ मेगावाट क्षमताको अपर नौगड गाढ जलविद्युत आयोजनाको निर्माण कार्य द्रुत गतिमा गरिरहेको छ।

कम्पनीले आयोजनाहरु विकास गर्ने क्रममा सौर्य उर्जाको विधिबाट विद्युत उत्पादन गर्ने उद्देश्यका साथ विभिन्न स्थानमा कुल १८ मेगावाट क्षमताको ग्रिडमा आवद्ध सौर्य उर्जा परियोजनाहरुको पहिचान गरी विकास गरिरहेको छ।

## ४) कम्पनीको व्यावसायिक सम्बन्ध

कम्पनीको व्यावसायिक सम्बन्ध मूलतः विद्युत उत्पादनसम्बन्धी अनुमतिपत्र प्रदान गर्ने उर्जा मन्त्रालय र सो मन्त्रालयसँग आवद्ध विद्युत विकास विभाग तथा विद्युत खरिद गर्ने नेपाल विद्युत प्राधिकरण र आयोजनाहरु निर्माणमा वित्तीय सहयोग प्रदान गर्ने नेपाल बैंक लिमिटेड, प्राईम कर्मसियल बैंक लिमिटेड, ग्लोबल आई.एम.ई. बैंक लिमिटेड, नेपाल एस.बि.आई. बैंक लिमिटेड, बैंक अफ काठमाडौं लिमिटेड, प्रभु बैंक लिमिटेड तथा एन एमबी बैंक लिमिटेड लगायत बाणिज्य बैंकहरूसँग रहको छ। साथै नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्स्चेञ्ज लि. तथा एन.आई.बि.एल. क्यापिटल मार्केटस् लिमिटेडसँग पनि सुमधुर सम्बन्ध रहेको छ। आयोजना क्षेत्रका स्थानिय सरकारी निकाय तथा सरोकारवालाहरूसँग सुमधुर सम्बन्ध रहेको छ।

## (५) सञ्चालक समिति

कम्पनीको नियमावली अनुसार यस कम्पनीमा ७ जना सञ्चालकहरू रहने व्यवस्था छ । सञ्चालक समितिको सदस्यको कार्यकाल ४ वर्षको हुने प्रावधान छ । कम्पनीमा संस्थापक समूहबाट ४ जना, सर्वसाधारण समूहबाट २ जना संञ्चालक र स्वतन्त्रबाट एक जना संञ्चालक रहने व्यवस्था छ । कम्पनीको १२ औं वार्षिक साधारणसभाबाट संस्थापक समूहबाट सर्वश्री गुरु प्रसाद न्यौपाने, श्री संजिव न्यौपाने, श्री महेन्द्र न्यौपाने र श्री सतिश न्यौपाने तथा सर्वसाधारण समूहबाट श्री भरत बहादुर खत्री र श्री इन्द्रमणि त्रिताल ४ बर्षका लागि नियुक्त हुनुभएको छ ।

## (६) संस्थागत सामाजिक उत्तरदायित्व

यस कम्पनीले आयोजनाहरु निर्माणको क्रममा आयोजनामा प्रत्यक्ष र अप्रत्यक्ष प्रभावित क्षेत्र तथा प्रत्यक्ष प्रभावितहरूका लागि निभाउनु पर्ने सामाजिक उत्तरदायित्व निभाएको छ । आयोजनामा प्रत्यक्ष र अप्रत्यक्ष प्रभावित क्षेत्रमा सिंचाइका लागि कार्य गरेको छ । आयोजना क्षेत्रमा परेका जग्गा तथा वन क्षेत्रको उपयोगवापत त्यसको क्षतिपूर्तिस्वरूप नगद तथा जग्गा सट्टा भर्ना गरी वृक्षरोपण कार्य गरेको छ । स्थानिय वासिन्दाहरूलाई संस्थापक सेयरमा लगानीको अवसर प्रदान गर्नुको साथै प्रभावित क्षेत्रमा पर्ने मन्दिरहरु एंव घाटको निर्माण तथा मर्मत संभार कार्य गरेको छ । आयोजना स्थलमा आवश्यक पर्ने बाटाहरूको निर्माण तथा स्तरउन्नती गर्ने कार्य कम्पनीले गरिरहेको छ ।

## (७) लाभांश

कम्पनीको आ.व २०७३/०७४ को नाफा तथा संचितीबाट सेयरधनीहरूलाई लाभांश बापत ८ प्रतिशत (कर बाहेकको) लाभांश प्रदान गरिएको छ । यो लाभांश बोनस सेयरको रूपमा उपलब्ध गराइने छ ।

## (८) लेखा परीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको प्रतिक्रिया

लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७३/०७४ को आर्थिक विवरणहरू यहाँहरूलाई उपलब्ध गराइएको छ । लेखापरीक्षकको प्रतिवेदनमा कुनै कैफियत उल्लेख नभएको कुरा जानकारी गराउन चाहन्छु ।

## (९) संञ्चालक, प्रबन्ध संञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

यस आ.व. २०७३/०७४ मा कम्पनीका पदाधिकारीहरूले निम्नानसुार भत्ता तथा सुविधा प्राप्त गनर्भुएको थियो :-

१. संञ्चालक समितिको बैठक भत्तामा अध्यक्षलाई रु.४,५००/- र अन्य सञ्चालकलाई रु.४,०००/- प्रति बैठक
२. संञ्चालकहरूलाई यातायात तथा पत्रपत्रिका सुविधा प्रतिब्यक्ति रु. १०,०००/- (मासिक)
३. कार्यकारी संञ्चालकलाई मासिक तलब, भत्ता तथा सुविधा रु. २,००,०००/- (मासिक)
४. कम्पनीका सञ्चालकहरूलाई कम्पनीको काममा यात्रा गर्नुपर्दा दैनिक तथा भ्रमण भत्ता दिने व्यवस्था रहेको छ ।




नौगड गाढ जलविद्युत आयोजना ८.५ मेगावाट विद्युतगृहमा जडित मेशिन

## (१०) लगानी

### (क) अपि हाइड्रो मेकानिकल लिमिटेड

नेपालको जलविद्युत आयोजना विकासको वृहत संभावनालाई ध्यानमा राख्दै हेटौंडा ज्यामिरे गा.वि.स. मा जलविद्युत आयोजनाको लागि चाहिने हाइड्रोमेकानिकल उपकरणहरू बनाउने कम्पनी रहेको छ । जलविद्युत आयोजना समयमा निर्माण सम्पन्न गर्न चाहिने फलामका सामानहरू (पेनस्टकपाईप, गेट, वाइफर्केट, ट्रासऱ्याक, वेलमाऊथ आदि) निर्माण गरी जडान गर्ने उद्देश्यले स्थापित 'अपि हाइड्रो मेकानिकल लिमिटेड' कम्पनीको बहुमत सेयर खरिद गरी कार्य गरिरहेको छ । यसले कम्पनीले निर्माण गर्ने आयोजनाको काम छिटो सम्पन्न गर्न सहयोग पुगेको छ । यस कम्पनीमा अपि पावर कम्पनीको रु. ७ करोडको लगानी रहेको छ । यो कम्पनी गत आ.व. २०७२/०७३ देखि नाफामा संचालन भइरहेको छ ।



अपि हाइड्रो मेकानिकल लिमिटेडको हेटौंडा स्थित कारखाना



अपि हाइड्रो मेकानिकल लिमिटेडको कारखानामा हाइड्रो मेकानिकल कार्य हुँदै

### (ख) अरुण काबेली पावर लिमिटेड

नेपालमा जलश्रोतको उपयोग गरी देशमा जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालन गरेर विद्युतको माग परिपूर्ति गर्ने हेतुले वि.स. २०६७ साल पुस २३ मा अरुण काबेली पावर लिमिटेडको स्थापना भएको हो। परियोजना विकास गर्ने क्रममा कम्पनीले मेची अञ्चलको पाँचथर र ताप्लेजुङ्ग जिल्लाको सिमाना भएर बहने काबेली नदीको पानी उपयोग गरी २५ मेगावाट क्षमताको काबेली बी-१ जलविद्युत परियोजना निर्माण कार्य गरिरहेको छ। यस कम्पनीमा अपि पावर कम्पनी लिमिटेडले रु. ५ करोड संस्थापक सेयरमा लगानी गरेको छ। यस परियोजनाले आगामी वर्षदेखि लाभांश उपलब्ध गराउने छ।




काबेली बी-१ जलविद्युत आयोजनाको विद्युत गृह

## (११) धन्यवाद ज्ञापन

**यस कम्पनीको संञ्चालन तथा यसले प्रवर्द्धन गरेका कम्पनीहरू मार्फत अगाडि बढाइएका आयाजनाहरूको निर्माण तथा विकासको लागि प्रत्यक्ष वा अपत्यक्ष रूपले सहयोग पुऱ्याउँदै आउनुभएका नेपाल सरकार, उर्जा मन्त्रालय, वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण लगायत नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरू लाई धन्यवाद दिन चाहन्छौं।**

सम्पन्न भइसकेका आयोजना, नयाँ आयोजना अध्ययन, निर्माण र संञ्चालन सम्बन्धी कार्यमा सहयोगर सद्भाव देखाउँदै आउनुभएका आयोजना वरपरका सम्पूर्ण स्थानीय वासिन्दाहरू र स्थानीय निकायका पदाधिकारीहरू, सरोकार समिति एवं पत्रकार मित्रहरूलाई पनि धन्यवाद दिन चाहन्छौं।

आयोजनाको सफल कार्यान्वयन तथा सुचारु रूपले संञ्चालन गर्नका लागि प्रारम्भदेखि सहयोग पुऱ्याउने कम्पनीका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

# Salient Features of

## Upper Naugarh Gad Hydroelectric Project (8MW)



अपर नौगड गाढ जलविद्युत आयोजनाको निर्माणाधीन विद्युतगृह

| | |
|---|---|
| Location | : Naugarh Rural Municipality, Darchula District |
| Type of Scheme | : Run-of-River |
| Design Discharge (Q40) | : 6.43 m3/s |
| Design Discharge from Naugarh Gad | : 5.54 m3/s |
| Design Discharge from Maune Khola | : 0.89 m3/s |
| Gross Head | : 163.44m |
| Net Head | : 144.00m Installed |
| Capacity | : 8 MW |
| Annual Energy | : 49.10 GWh |
| Headrace Pipe Length | : 5150m |
| Headrace Pipe Size | : 1.70m to 1.65m Dia, 8mm to16mm thickness |
| Maune Khola Collection Pipe Length | : 1236m |
| Maune Khola Collection Pipe Size | : 0.70m to 0.80m Dia, 6mm to 8mm thickness |
| Penstock Pipe Length | : 233m |
| Penstock Pipe Size | : 16mm to 20mm thickness |
| Turbine Type | : Francis Turbine |
| No. of Units | : Two |

# Salient Features of

## Upper Chameliya Hydroelectric Project (40MW)



अपर चमेलिया जलविद्युत आयोजनाको सर्भे गर्दै

| | |
|---|---|
| Location | : Marma Rural Municipality, Darchula |
| Type of Scheme | : Run-of-River |
| Design Discharge (Q40) | : 22.79m3/s |
| Gross Head | : 215m |
| Net Head | : 204.61m |
| Installed Capacity | : 40MW |
| Annual Energy | : 253.06 GWh |
| Headrace Pipe Length | : 5000m |
| Headrace Pipe Diameter | : 3.50m |
| Penstock Pipe Length | : 450m |
| Penstock Pipe Diameter | : 3.10m |
| Turbine Type | : Francis Turbine |
| No. of Units | : Two |
| Transmission Line Length | : 16km |

# Salient Features of

## Solar Power Projects (18 MW)



सौर्य उर्जा उत्पादन आयोजनाको नमूना

(Per MW)

| | |
|---|---|
| Type of Scheme | : Grid Connected Solar PV |
| Solar module type | : Trina TSM-315PD14 (Si-Poly) |
| Capacity of each module (W) | : 315 |
| No. of modules | : 3840 |
| PV System Mounting Structure type | : MS Galvanized |
| Power conditioning unit (Invertors) capacity | : 1000 kW |
| Power conditioning unit specifications | : Input voltage range 600-850V (1000 kW) |
| No. of inverters | : 1 |
| Inverters make | : ABB |
| Plant Load Factor % | : As per Contract Energy Table with NEA:18.71% P50 PVSyst 19.52% |
| Cables and Earthing Systems | : 1 Set |
| Annual Average Energy (Per MW) | : 1677000 kWh |
| Land | : 5 Acres of Vacant Land |
| Power Evacuation | : Through 33kV or 11 kV Transmission Lines to NEA owned Grid Substation |

नेपाल सरकार
ऊर्जा मन्त्रालय

## विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र

(माथिल्लो चमेलिया जलविद्युत आयोजना – ४०,००० कि.वा.)

अनुमतिपत्र संख्या : वि.वि.वि.०७२/७३ वि.उ.स. ७१३

श्री अपि पावर कम्पनी लिमिटेड
पाचौं तल्ला, ट्रेड टावर थापाथली काठमाडौं, नेपाल ।

महाशय,

विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति २०७२/९/२३ मा दिनुभएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :

अपि पावर कम्पनी लिमिटेड
पाचौं तल्ला, ट्रेड टावर थापाथली काठमाडौं, नेपाल ।
पो.ब.नं. : काठमाडौं,
फोन नं. : ५१११०३७,
फ्याक्स नं. : ५१११०३३
इमेल : info@sae.com.np,
Web Site : http://www.apihydro.com

२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम : जलविद्युत ।

३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने जलस्रोतको नाम : चमेलिया नदी ।
